श्री ५ को सरकार

मन्त्रिपरिषद् सचिवालयको

सूचना

राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव डा. दिव्यदेव भट्ट कोलम्बो प्लानको परिषद् बैठकमा भाग लिन र उक्त बैठकको लगत्तै पछि तेस्रो एशिया तथा प्रशान्त क्षेत्रीय जनसंख्या सम्मेलनमा सहभागीको रूपमा सम्मिलित हुनसमेत मिति २०३९।५।२८ मा कोलम्बोतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री मदनमान अमात्यलाई मिति २०३९।५।२९ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,

भोगेन्द्रनाथ रिमाल

श्री ५ को सरकारको मुख्य सचिव

322

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।